निर्वाचन आयोग, नेपाल

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

# प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

रसुवा

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

## निर्वाचन आचारसंहिता, २०८२ परिपालना सम्बन्धी सूचना।

सम्वत् २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, निष्पक्ष, पारदर्शी एवम् विश्वसनीयरूपमा सम्पन्न गर्न निर्वाचन आयोगबाट मिति २०८२।०९।१२ मा निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत भई कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ। निर्वाचन आचारसंहिता, २०८२ को दफा ३ मा यो आचारसंहिता लागू हुने व्यक्ति, संस्था, निकाय तथा अधिकारीहरूका सम्बन्धमा व्यवस्था, परिच्छेद २ को दफा ४ मा - सबैले पालना गर्नुपर्ने आचरण, परिच्छेद ३ को दफा ५-१२ सम्म - नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका, संवैधानिक निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था, शैक्षिक तथा प्राज्ञिक संस्था, सुरक्षा निकाय, सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा विकास समिति, गैरसरकारी संस्था वा विकास साझेदार संस्था, उल्लिखित निकाय/संस्थाका पदाधिकारी तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचारण सम्बन्धी व्यवस्था, परिच्छेद ४ को दफा १३-२० सम्म राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठनले निर्वाचन खर्च, निर्वाचन प्रचारप्रसार, सवारी साधन र सञ्चार माध्यमको प्रयोग, सम्पत्ति विवरण र वैयक्तिक विवरण पेश गर्ने, मतदानको दिन पालना गर्ने आचरण र विशेष आचरण सम्बन्धी व्यवस्था, परिच्छेद ५ को दफा २१-२४ सम्म मतदाता, मतदान तथा मतगणना प्रतिनिधिले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था, परिच्छेद ६ मा पर्यवेक्षण संस्था र पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था र परिच्छेद ७ मा सञ्चार प्रतिष्ठान, सम्वद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था रहेको छ। यसरी निर्वाचन आचारसंहिता, २०८२ मा उल्लिखित आ-आफ्नो क्षेत्रका आचारसंहिताहरू वस्तुनिष्ठ रूपमा अनुपालना गर्नु/गराउनु हुन अनुरोध छ। सो सन्दर्भमा निर्वाचन आचारसंहिता, २०८२ को परिच्छेद ८ मा रहेको निर्वाचन आचारसंहिता अनुगमन सम्बन्धी व्यवस्था बमोजिम अनुगमनको कार्य भई रहको छ। आचारसंहिता लागू हुने व्यक्ति, संस्था, निकाय तथा अधिकारीहरूले आचारसंहिताको पालना नगरेको पाइएमा कानून बमोजिम आचारसंहिताको अवधि समाप्त भए पश्चात् समेत कारवाही हुने व्यहोरा अवगत गराईन्छ। कोहि कसैले आचारसंहिता उलङ्घन गरेको अवस्थामा सोको प्रमाण सहित निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलाई तुरुन्त जानकारी गराउनु हुन समेत अनुरोध छ।

नोटः निर्वाचन आचारसंहिता, २०८२ आयोगको वेबसाईट https://election.gov.np/np/page/nirdeshika-hor मा वा नेपाल राजपत्रमार्फत प्राप्त गर्न सक्नुहुनेछ।

मितिः २०८२।१०।१८ गते।

| | |
|---|---|
| (द्रुव प्रसाद अधिकारी) | (बिन्ध्या कार्की) |
| सहायक प्रमुख जिल्ला अधिकारी एवम् | प्रमुख कोष नियन्त्रक एवम् |
| निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, रसुवा | निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, रसुवा |